**आ.व. ०८२/८३ को तेस्रो बैठक**

आज मिति २०८२ साल आश्विन २८ गते मंगलबारका दिन पाथीभरा याङ्वरक गाउँपालिकाका अध्यक्ष श्री **केशर कुमार सुब्बा** ज्यूको अध्यक्षतामा तपसिलमा उल्लेखित  सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी निम्न निर्णयहरु गरियो ।

**उपस्थिति:**

| क्र.स. | नामथर | पद | सम्पर्क नं. | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री केशर कुमार सुब्बा | अध्यक्ष | ९८४२६६०११९ | |
| २ | श्री रनमाया गुरुङ | सदस्य | ९८४२६६००८४ | |
| ३ | श्री दिल कुमार सुनुवार | सदस्य | ९८५२६६०३५५ | |
| ४ | श्री बलुराम लिम्बु | सदस्य | ९८१५०९४१४० | |
| ५ | श्री पुर्ण बहादुर तिवारी | सदस्य | ९८४२७६९३३१ | |
| ६ | श्री बल बहादुर साम्सोहाङ | सदस्य | ९८१५९००२२६ | |
| ७ | श्री रमेश खालिङ | सदस्य | ९८१६९०५०८८ | |
| ८ | श्री जीतमान तामाङ | सदस्य | ९८०७९००३९९ | |
| ९ | श्री एलिसा इङ्नाम | सदस्य | ९८१५९२०४१० | |
| १० | श्री मुना नेपाली | सदस्य | ९८४११९१३८८ | |
| ११ | श्री जसोदा नेपाली | सदस्य | ९८४५६०९९५३ | |
| १२ | श्री इन्द्र बहादुर खवास | सदस्य | ९८१७९५७०३९ | |
| १३ | श्री पदम बहादुर कामी | सदस्य | ९८२४९८८४८२ | |
| १४ | श्री शोनिसा साम्यू लिम्बु | सदस्य | ९८१६०२९१०० | |
| १५ | श्री संगम पौडेल | सदस्य-सचिव | ९८५२६६०४६० | |

**अन्य**

अधिकृत छैटौं श्री शिव कुमार काम्बाङ

का.स. श्री शान्ता लिम्बु

निर्णयहरुः

निर्णय नं.१

यस गाउँपालिका, गाउँकार्यपालिकाको अघिल्लो बैठकहरुको निर्णयहरुको कार्यान्वयनको स्थितिबारे प्र.प्र.अ. श्री संगम पौडेलज्यूबाट बैठकमा जानकारी भयो साथै कार्यान्वयन गर्न बाँकी रहेका निर्णयहरुलाई तत्काल कार्यान्वयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं.-२

यस गाउँपालिकाको स्वीकृत दरबन्दी तेरीजमा स्थानीय इन्जिनियरिङ सेवा, सिभिल समूह, सब-इन्जिनियर पद/सहायकस्तर पाँचौ तहमा ३ वटा दरबन्दी रहेकोमा, प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगरको च.नं.८८, मिति:२०८१/०४/०८ गतेको बढुवाद्वारा हुने पदपूर्ति सम्बन्धी पत्रानुसार स्थानीय इन्जिनियरिङ सेवा, सिभिल समूह, सब-इन्जिनियर पद/सहायकस्तर पाँचौ तहमा १ जना ज्येष्ठता र कार्यसम्पादन मूल्याङ्कनमा प्रतिशत निर्धारण गरिएको साथै यस गाउँपालिकाको च.नं.६१४, मिति:२०८१/०७/०९ गतेको पत्रानुसार रिक्त दरबन्दीमा माग भएको पदमा २ जना खुलातर्फ र १ जना जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनमा प्रतिशत निर्धारण भई जम्मा ४ वटा प्रतिशत निर्धारण भएकोमा, श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगरको च.नं.३९०, मिति:२०८२/०५/११ गतेको बढुवा नियुक्ति तथा पदस्थापन गर्न पठाइएको पत्रानुसार श्री मञ्जु बस्नेत (क.स.नं.२४२०११) पदस्थापन हुनु भएको साथै श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगरको च.नं. अ.बा./१८०, मिति:२०८२/०५/१९ गतेको उम्मेदवार सिफारिस सम्बन्धको पत्रानुसार हिकमत बहादुर ऐर र प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश विराटनगरको च.नं.अ.बा./१८९, मिति:२०८२/०५/१९ गतेको पत्रानुसार अपेक्षा अवस्थी नियुक्ती हुनु भई, उक्त पदमा दरबन्दी पुर्ण भएकोमा, श्री मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगरको च.नं.-७५०, मिति:२०८२/०६/०२ गतेको बढुवा नियुक्ति तथा पदस्थापनका लागि पठाइएको सम्बन्धको पत्रानुसार यस गाउँपालिकामा स्थानीय इन्जिनियरिङ सेवा, सिभिल समूह, सब-इन्जिनियर पद/सहायकस्तर पाँचौ तहमा बढुवा सिफारिस हुनु भएका **श्री प्रदिप राई** (क.स.नं.२३९८१२) स्वीकृत दरबन्दी भन्दा बढी हुनु भएको हुँदा, उँहालाई रिक्त रहेको अन्य स्थानीय तहमा पदस्थापन गर्ने व्यवस्था गरिदिनको लागि मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश, विराटनगरमा सिफारिस गरि पठाउने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-३

यस पाथीभरा याङवरक गाउँपालिकाअन्तर्गतका तपसिल बमोजिमका प्रहरी चौकीहरुलाई दशैंको अवसरमा मौलो पुजा गर्नको लागि प्रति प्रहरी चौकी १५,०००।-(अक्षरेपी पन्ध्र हजार मात्र।) विविध शीर्षकबाट व्ययभार हुनेगरी रकम उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

तपसिलः

१. मेवाखा प्रहरी चौकी, नाङखोल्याङ,

२. थेचम्बु प्रहरी चौकी, थेचम्बु,

३. थुम्वेदिन प्रहरी चौकी, थुम्वेदिन,

४. सुकेटार प्रहरी चौकी,

निर्णय नं.-४

प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश, विराटनगरको सिफारिसबमोजिम विभिन्न पदहरुमा पदमा स्थायी कर्मचारी पदपुर्ति भएको साथै अर्थ मन्त्रालय, सिंहदरबार, काठमाण्डौंको च.नं.११६, मितिः२०८२/०६/०७ गतेको पत्रानुसार नेपाल सरकार मन्त्रिपरिषद्को मितिः२०८२/०६/०५ गतेको निर्णयबमोजिम नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहमा स्वीकृत दरबन्दी बाहेकमा अस्थाई तथा करारमा कर्मचारी राख्न नपाउने लेखि आएको हुँदा मितिः२०८२/०७/०१ गते देखि लागु हुने गरी तपसिलबमोजिमको पदहरुमा करारमा रहेका कर्मचारीहरुको करार सम्झौता रद्द गर्ने सर्वसहमतिले निर्णय गरियो।

तपसिलः

सब-इन्जिनियर श्री सुवास पौडेल

सव-इन्जिनियर श्री सुमन गुरुङ

सब-इन्जिनियर श्री प्रभा किरण मेन्याङ्बो

रोजगार प्राविधिक श्री खगेन्द्र न्यौपाने

रोजगार सहायक श्री सुमित्रा मेन्याङ्बो

पशु सेवा प्राविधिक श्री आशिष गुरुङ

निर्णय नं.-५

नागरिकहरुको सहजतालाई ध्यानमा राख्दै यस गाउँपालिकाको सम्पुर्ण वडाहरुमा रहेको सडकलाई मर्मत गर्नको लागि ६ नं. वडाबाट सुरु गर्ने गरी गाउँपालिकाको ब्याक हो लोडर पठाउने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं.-६

आ.व.०८२/०८३ मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा रहेको तपसिल बमोजिमका आयोजनाहरु विद्युतीय बोलपत्रको माध्यमबाट ठेक्का आव्हान गर्ने सर्वसहमतिले निर्णय गरियो।

तपसिलः

१. मेवाखा-सुकेटार सडक कालो पत्रे

२. मेवाखा-कालीमाटी खानेपानी आयोजना

निर्णय नं.-७

यस गाउँपालिकाको क्षेत्रबाट बग्ने काबेली खोला र तमोर खोलाबाट ढुङ्गा, गिटी बालुवा उत्खनन तथा संकलनका लागि IEE प्रतिवेदन बमोजिम उत्खनन क्षेत्र ३, ६, ७ र ८ बाहेकको अन्य क्षेत्रहरुको लागि ३० दिने र १५ दिने सूचनामार्फत ठेक्का आव्हान गर्ने निर्णय सर्वसहमतिले गरियो।

निर्णय नं.-८

देशको विद्यमान अवस्थाले गर्दा वित्तीय हस्तान्तरण र राजश्व बाँडफाडको रकम यकीन गर्न नसकिएको अवस्थाले गर्दा आ.व.०८२/८३ मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा वडाअन्तर्गत रहेका योजनाहरुको कुल रकमबाट हाललाई ६० प्रतिशत रकम सम्मका योजनाहरु सम्झौता गरी कार्य अघि बढाउने र दोस्रो त्रैमासिकपश्चात प्राप्त हुने वित्तीय हस्तान्तरण र राजश्व बाडफाडलाई यकीन गरि थप कार्य अघि बढाउने सर्व सहमतिले निर्णय गरियो।

निर्णय नं.-९

नापी कार्यालय र मालपोत कार्यालयबाट प्राप्त निर्देशानुसार पालिकाभित्रका जग्गाहरुको वर्गीकरण गर्न आवश्यक भएको हुनाले, उक्त कार्य परामर्श सेवामार्फत सञ्चालन गर्ने र उक्त कार्यको लागि परामर्श सेवामा विनियोजन भएको रकमबाट सञ्चालन गर्ने सर्वहमतिले निर्णय गरियो।

निर्णय नं.-१०

आ.व.०८२/०८३ को स्वीकृत बजेट तथा कार्यक्रम आलु खेति प्रवर्द्धन कार्यक्रमअन्तर्गत तपसिलबमोजिमका समूहहरु छनौट गरि ७५% अनुदानमा आलुको विउ समूहहरुको माग बमोजिम वितरण गर्ने सर्वसहमतिले निर्णय गरियो।

<u>तपसिलः</u>

१. आम्वेबुङ कृषक समूह- पाथीभरा याङवरक-२, ताप्लेजुङ।
२. सुनाखरी आमा समूह- पाथीभरा याङवरक-२, ताप्लेजुङ।
३. दिपज्योती पानीढिकी बहुउद्देश्यीय कृषक समूह- पाथीभरा याङवरक-२, ताप्लेजुङ।
४. सुनौलो बहुउद्देश्यीय कृषक समूह- पाथीभरा याङवरक-६, ताप्लेजुङ।
५. खेमाखाम युवा कृषक समूह- पाथीभरा याङवरक-२, ताप्लेजुङ।